# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चरिकोट, दोलखा

पत्र संख्या : ०८२/८२
चलानी नं. : ३२६०

बागमती प्रदेश, नेपाल
मिति: २०८२/०३/१३

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।**

श्री जो जससँग सम्बन्धित छ।

उपर्युक्त सम्बन्धमा दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा नं. ९ स्थित सुर्के माध्यमिक विद्यालय, खरिढुङ्गा, दोलखामा रिक्त रहेको प्राथमिक तहको शिक्षक पद १ (एक) मा सरुवाको प्रक्रिया अगाडी बढाइदिन भनी विद्यालयको चलानी नम्बर ११८-२०८१/८२, मिति २०८२/०३/१२ को पत्रबाट अनुरोध भई आएको हुँदा सम्बन्धित तहका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र जिल्लान्तर सरुवाको हकमा शिक्षा विकास तथा समन्वय इकाईको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिनका लागि शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको लागि जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

..............................
विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

पुनश्च :

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना surkesecschoolkd@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिने छ।
२. म्याद नाघी वा तोकिए बमोजिम रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन।

बोधार्थ :

१. श्री शिक्षा विकास तथा समन्वय इकाई, दोलखा
२. श्री सुर्के माध्यमिक विद्यालय भीनपा-९, खरिढुङ्गा, दोलखा
३. श्री सूचना प्रविधि शाखा, भीमेश्वर नगरपालिका- सूचना website मा प्रविष्ट गरिदिनुहुन।